प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

स्थानीय सेवाका चौथो तहको (अप्राविधिक) पदको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

सूचना नं २९।२०८३-८४ प्रकाशित मितिः- २०८३।०७।२४

ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम सम्भाव्य उम्मेदवारले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८३।०८।२८ गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ। ज्येष्ठता गणना स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट **https://ppsc.karnali.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। रितपूर्वक प्राप्त हुन आएका दरखास्तलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइनेछ।

उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ (यसका लागि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेस गर्नु पर्नेछ)।

२. बढुवाको लागि आवश्यक पर्ने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २८ बमोजिम हुनुपर्नेछ।

३. दरखास्त फाराम पेस गर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश कर्मचारी अभिलेखालयबाट आफूले पाएको सङ्केत नम्बरसहित अद्यावधिक वैयक्तिक विवरण अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम पेस गर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम पेस गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहमा समायोजन भएको पत्र पेस गर्नुपर्नेछ।

६. बढुवा सम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम हुनेछ।

क. ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा

क्र. स.	बढुवा सूचना नं.	सेवा, समूह, उपसमूह	पद	पद संख्या
१.	१६।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	५

दरखास्त दस्तुरः- रु.४००।- (चार सय रुपैया)

दरखास्त दस्तुर बुझाउने तरिकाः- **https://revenue.fcgo.gov.np/** पोर्टल लगइन गरी दिइएको निर्देशानुसार प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशको तपसिल बमोजिमको कार्यालय कोड र राजश्व शिर्षकमा दरखास्त दस्तुर जम्मा गरी उक्त रकम जम्मा भएको भौचरको प्रति संलग्न गरी दरखास्त पेस गर्नुपर्नेछ।

कार्यालय कोडः- २१०००६८०१६ (प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश)

राजस्व शीर्षक नं.:- १४२२४

(राजस्व भौचर दाखिला गर्ने कार्यमा कुनै द्विविधा भएमा यस आयोगको फोन नं. ०८३-५९०३०६ मा कार्यालय समयमा सम्पर्क गर्नुहुन अनुरोध छ।)

प्रदेश लोक सेवा आयोग

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

(प्रशासन, दरखास्त व्यवस्थापन तथा प्रकाशन शाखा)

स्थानीय सेवाका चौथो तहका (अप्राविधिक/प्राविधिक) पदहरूको खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं. ३० ।२०८३-८४ प्रकाशित मितिः-२०८३।०७।२४

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम स्थानीय सेवा अन्तर्गत देहायका सेवा, समूह, उपसमूह र तहका पदको खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले आयोगको अनलाइन दरखास्त प्रणाली **https://ppsconline.karnali.gov.np** बाट अनलाइन दरखास्त दिनुपर्नेछ। खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारको प्राथमिकताक्रम अनुसार नियुक्तिको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गरिनेछ।

क. अप्राविधिक पदहरुः

क्र. स.	विज्ञापन नं.	सेवा, समूह, उपसमूह	पद	परीक्षाको किसिम	पद संख्या	लिखित परीक्षा कार्यक्रम		
						प्रारम्भिक परीक्षा	प्रथम पत्र	द्वितीय पत्र
१.	३११।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	आन्तरिक अन्तर सेवा	११	-	-	
२.	३१२।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	खुला	२१	मिति २०८३/०९/२६ दिउँसो १:०० बजे	दोस्रो चरणको लिखित परीक्षाको मिति प्रथम चरणको नतिजा प्रकाशन हुदाँ तय गरिनेछ।	
३.	३१३।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	खस आर्य	६			
		स्थानीय प्रशासन, लेखा	लेखा सहायक		१			
४.	३१४।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	खस आर्य महिला	२			
५.	३१५।२०८३-८४			दलित	२			
६.	३१६।२०८३-८४			दलित महिला	२			
७.	३१७।२०८३-८४			आदिवासी जनजाती	२			
८.	३१८।२०८३-८४			पिछडिएको क्षेत्र	२			
९.	३१९।२०८३-८४			अपाङ्गता भएका व्यक्ति महिला	१			
१०.	३२०।२०८३-८४			मधेशी तथा मुस्लिम महिला	१			

ख. <u>प्राविधिक पदहरु:</u>

क्र.स.	विज्ञापन नं.	सेवा, समूह, उपसमूह	पद	परीक्षाको किसिम	पद संख्या
१.	५३७।२०८३-८४	स्थानीय कृषि, कृषि	नायव प्राविधिक सहायक	खुला प्रतियोगिता	६
२.	५३८।२०८३-८४			खस आर्य	१
३.	५३९।२०८३-८४			खस आर्य महिला	१
४.	५४०।२०८३-८४			आदिवासी जनजाति	१
५.	५४१।२०८३-८४			पिछडिएको क्षेत्र	१
६.	५४२।२०८३-८४	स्थानीय कृषि, भेटेरिनरी	नायव पशु स्वास्थ्य प्राविधिक	खुला प्रतियोगिता	५
		स्थानीय कृषि, ला.पो.डे.डे.	नायव पशु सेवा प्राविधिक		३
७.	५४३।२०८३-८४	स्थानीय कृषि, भेटेरिनरी	नायव पशु स्वास्थ्य प्राविधिक	खस आर्य	२
८.	५४४।२०८३-८४	स्थानीय कृषि, ला.पो.डे.डे.	नायव पशु सेवा प्राविधिक	खस आर्य महिला	१
९.	५४५।२०८३-८४	स्थानीय कृषि, भेटेरिनरी	नायव पशु स्वास्थ्य प्राविधिक	दलित महिला	१
१०.	५४६।२०८३-८४	स्थानीय कृषि, भेटेरिनरी	नायव पशु स्वास्थ्य प्राविधिक	पिछडिएको क्षेत्र	१
		स्थानीय कृषि, ला.पो.डे.डे.	नायव पशु सेवा प्राविधिक		१
११.	५४७।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सर्भे	अमिन	खुला प्रतियोगिता	१
१२.	५४८।२०८३-८४			दलित	१
१३.	५४९।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	खुला प्रतियोगिता	२५
१४.	५५०।२०८३-८४			खस आर्य	६
१५.	५५१।२०८३-८४			खस आर्य महिला	३
१६.	५५२।२०८३-८४			दलित	३
१७.	५५३।२०८३-८४			दलित महिला	२
१८.	५५४।२०८३-८४			आदिवासी जनजाति	१
१९.	५५५।२०८३-८४			आदिवासी जनजाति महिला	१
२०.	५५६।२०८३-८४			पिछडिएको क्षेत्र	१
२१.	५५७।२०८३-८४			पिछडिएको क्षेत्र महिला	१
२२.	५५८।२०८३-८४			अपाङ्गता भएका व्यक्ति	१
२३.	५५९।२०८३-८४			मधेशी तथा मुस्लिम	१
२४.	५६०।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल, स्यानिटरी	खा.पा.स.टे.	खस आर्य	१
२५.	५६१।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	खुला प्रतियोगिता	९
२६.	५६२।२०८३-८४			खस आर्य	२
२७.	५६३।२०८३-८४			खस आर्य महिला	१
२८.	५६४।२०८३-८४			दलित	१
२९.	५६५।२०८३-८४			दलित महिला	१
३०.	५६६।२०८३-८४			आदिवासी जनजाति	१
३१.	५६७।२०८३-८४			पिछडिएको क्षेत्र महिला	१

३२.	५६८।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	मधेशी तथा मुस्लिम	१
३३.	५६९।२०८३-८४	स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	अ.हे.व.	खुला प्रतियोगिता	७
३४.	५७०।२०८३-८४			खस आर्य	२
३५.	५७१।२०८३-८४			खस आर्य महिला	१
३६.	५७२।२०८३-८४			दलित	१
३७.	५७३।२०८३-८४			दलित महिला	१
३८.	५७४।२०८३-८४			अपाङ्गता भएका व्यक्ति	१

परीक्षा केन्द्रः- वीरेन्द्रनगर, सुर्खेत।

दरखास्त दस्तुरः- प्रत्येक विज्ञापनको लागि दरखास्त दस्तुर रु. ४००।- (चार सय) र त्यसपछिका प्रत्येक समावेशी समूहमा उम्मेदवारी दिँदा रू.२००।- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ।

दरखास्त दिने अन्तिम मितिः- २०८३।०८।१४ सम्म र दोब्बर दस्तुर तिरी २०८३।०८।२१ सम्म।

दरखास्त दस्तुर बुझाउने विधि र स्थानः- आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी दरखास्त दस्तुर बुझाउन सकिनेछ। Online Payment गर्ने उम्मेदवारले तोकिएको wallet हरूको प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ। Offline Payment गर्ने उम्मेदवारले तोकिएका बैंकहरू मध्ये कुनै एक बैंक छनोट गरी Master ID र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गई दरखास्त दस्तुर बुझाउन सकिनेछ।

दरखास्त दस्तुर बुझाउने अवधिः- २०८३।०८।२१ गते सम्म (सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिन)।

दरखास्तको माध्यमः- विज्ञापित पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाइन प्रणाली मार्फत दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण **https://ppsconline.karnali.gov.np** बाट हेर्न सकिनेछ।

अपलोड गर्नुपर्ने कागजातहरूः- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा pdf/jpg file मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग स्क्यान गरी jpg file मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ।

उम्मेदवारको उमेरको हदः- २०८३।०८।१४ सम्म १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको, **महिला र अपाङ्गता भएका उम्मेदवारका हकमा** ४० वर्ष ननाघेको, **स्वास्थ्य सेवाको हकमा** ४५ वर्ष ननाघेको तर सङ्घीय निजामती सेवा, जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा र स्थानीय सेवाका बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

परीक्षा कार्यक्रमः <u>प्रारम्भिक परीक्षा हुने पद बाहेकका खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक</u> परीक्षाको मिति र समय आयोगको वेबसाइटमा पछि प्रकाशित गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा, समूह र उपसमूहसँग सम्बन्धित।

तलब, सेवा शर्त तथा सुविधाः- प्रचलित कानून बमोजिम।

आवश्यक न्यूनतम योग्यताः

१. <u>आन्तरिक अन्तर सेवाको लागिः</u>
कर्णाली प्रदेश भित्रका जुनसुकै स्थानीय तहको स्थानीय सेवाको तहविहिन पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेको र न्यूनतम शैक्षिक योग्यता हासिल गरेको।

२. <u>खुलाको लागिः</u>
स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० बमोजिम योग्य भएको र दफा ९ को उपदफा (११) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

खुला र आन्तरिक अन्तर सेवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः

१. **प्रशासन सहायक/स्थानीय प्रशासन/सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा/एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण।

२. **लेखा सहायक/स्थानीय प्रशासन/लेखाः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा ऐन स्रेस्ता वा ऐच्छिक लेखा विषय लिई प्रवेशिका परीक्षा/एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण।

३. **नायव प्राविधिक सहायक/स्थानीय कृषि/कृषिः** मान्यताप्राप्त शिक्षण संस्थाबाट जे.टी.ए (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. वा टी.एस.एल.सी उत्तीर्ण।

४. **नायव पशु स्वास्थ्य प्राविधिक/नायव पशु सेवा प्राविधिक/स्थानीय कृषि/भेटेरिनरी/ला.पो.डे.डे.:** मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई जे.टी.ए. (पशु विज्ञान) तालिम प्राप्त वा कृषि विषय लिई टी.एस.एल.सी वा सो सरह उत्तीर्ण।

५. **अमिन/स्थानीय इन्जिनियरिङ/सर्भेः** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको।

६. **असिस्टेन्ट सब इन्जिनिजयर/स्थानीय इन्जिनियरिङ/सिभिलः** एस.एल.सी/एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा तालिम प्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टी.एस.एल.सी/एस.ई.ई. कोर्ष उत्तीर्ण वा माध्यमिक तहमा सिभिल इन्जिनियरिङ तर्फको प्राविधिक तथा व्यावसायिक विषय लिई एस.एल.सी/एस.ई.ई. वा सो सरह उत्तीर्ण।

७. **खा.पा.स.टे./स्थानीय इन्जिनियरिङ/सिभिल/स्यानिटरीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. /एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी खानेपानी तथा सरसफाई विषयमा तालिम प्राप्त वा सम्बन्धित विषयमा दुई वर्षको अनुभव प्राप्त।

८. **अ.न.मी./स्थानीय स्वास्थ्य/कम्युनिटी नर्सिङ्गः** मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण।

९. **अ.हे.व./स्थानीय स्वास्थ्य/हेल्थ इन्स्पेक्सनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए. कोर्ष उत्तीर्ण।

नोटः- ग्रेडिङ प्रणाली लागू भएपश्चात एस.एल.सी/एस.ई.ई. वा सो सरह उत्तीर्ण गर्ने उम्मेदवारहरूको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनु पर्नेछ।

१. **खस आर्यको हकमाः** राष्ट्रिय समावेशी आयोगबाट खस आर्यमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

२. **दलितको हकमाः** राष्ट्रिय दलित आयोगबाट दलित वर्गमा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

३. **आदिवासी जनजातिको हकमाः** नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जाति वा समुदायको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट आदिवासी जनजातिभित्रको थर हो भनी प्रमाणित गरेको कागजात,

४. **पिछडिएको क्षेत्रको हकमाः** स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम १० को उपनियम (१) बमोजिमका स्थानीय तहमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नेपाली नागरिकताको प्रमाणपत्र र सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा बसोबास गरेको भन्ने बेहोरा खुलेको प्रमाणित कागजात,

५. **अपाङ्गता भएका व्यक्तिको हकमाः** अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

६. **मधेशीको हकमाः** नेपाल सरकार वा मधेशी आयोगबाट मधेशी समुदाय भनी सूचीकृत भएको जातिको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी समुदायभित्रको थर हो भनी प्रमाणित गरेको कागजात।

७. **मुस्लिमको हकमाः** मुस्लिम आयोगबाट सूचीकृत भएको जातिको सूची वा सम्बन्धित स्थानीय तहको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम जातिभित्रको थर भनी प्रमाणित गरेको कागजात।

द्रष्टव्य

१. सङ्घीय निजामती सेवा वा जुनसुकै प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको समान तहको पदमा कार्यरत रहेको कर्मचारीले दरखास्त दिन पाउने छैनन्। तर स्थानीय स्वास्थ्य सेवाको समान तहको पदमा तोकिएबमोजिमको योग्यता पुगेको कर्मचारीले प्रतिस्पर्धा गर्न बाधा पुग्ने छैन।

२. विज्ञापन प्रकाशन भएको मितिले कम्तीमा २१ दिन (सिङ्गल दस्तुरको अवधि) भित्र जारी हुने शैक्षिक योग्यता, तालिम, व्यावसायिक परिषद् दर्ता, सम्वद्धता र समकक्षतालाई मान्यता दिइनेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, व्यावसायिक परिषद् दर्ता, सम्वद्धता र समकक्षता र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

३. आयोगद्वारा तोकिएको न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको दरखास्त स्वीकृत गरिने छैन।

४. लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ५ (पाँच) दिन अगावै आयोगमा लिखित निवेदन दिनु पर्नेछ अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।

५. लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नु पर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

६. एउटै व्यक्तिले सेवा अवधिभरमा अधिकृतस्तर वा सहायकस्तरको पदमा समावेशीको सुविधा एक पटक मात्र लिन पाउने छ।

७. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २० को उपदफा (५) बमोजिम स्थानीय तहको स्वीकृत स्थायी दरबन्दीमध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा यो ऐन प्रारम्भ हुँदाका बखत अविच्छिन्न रूपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई खुला प्रतियोगितात्मक परीक्षा र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षामा सहभागी हुन उमेरको हद लाग्ने छैन।

८. एउटै व्यक्तिले एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने अवस्था रहेछ भने स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १० को उपदफा (६) बमोजिम निजले त्यस्ता समूहमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने छ।

९. दरखास्त पेस गर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।

१०. पाठ्यक्रममा उल्लिखित परीक्षाको योजनाको विषयमा उम्मेदवार स्वयम् जानकार हुनु पर्नेछ।

११. पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.karnali.gov.np/category/the-fourth-layer/ बाट प्राप्त गर्न सकिनेछ।

१२. सूचनामा उल्लिखित विषय बाहेक अन्य विषयहरू स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र नियमावली तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७५ र नियमावली बमोजिम हुनेछ।

थप जानकारीका लागि

सम्पर्क नं. ०८३-५९०३०६

Website: https://ppsc.karnali.gov.np/ Email: ppsckarnali@gmail.com/info.ppsc@karnali.gov.np

स्थानीय सेवाका चौथो तहका (अप्राविधिक/प्राविधिक) पदहरूको खुला र आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाको विज्ञापन विस्तृत विज्ञापन

क. <u>अप्राविधिक पदहरु:</u>

क्र. स.	विज्ञापन नं.	सेवा, समूह, उपसमूह	पद	परीक्षाको किसिम	जम्मा पद संख्या	रिक्त स्थानीय तह	माग पदसंख्या
१.	३११।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	आन्तरिक अन्तर सेवा प्रतियोगिता	११	महावै गाउँपालिका, कालिकोट	१
						खार्पूनाथ गाउँपालिका, हुम्ला	१
						खत्याड गाउँपालिका, मुगु	१
						नरहरिनाथ गाउँपालिका, कालिकोट	१
						आठबिसकोट नगरपालिका, रुकुम पश्चिम	१
						सिमकोट गाउँपालिका, हुम्ला	१
						कुमाख गाँउपालिका, सल्यान	१
						छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१
						दुल्लु नगरपालिका, दैलेख	२
						छायाँनाथ रारा नगरपालिका, मुगु	१
२.	३१२।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	खुला	२१	महावै गाउँपालिका, कालिकोट	१
						पचालझरना गाँउपालिका, कालिकोट	१
						सर्केगाड गाँउपालिका, हुम्ला	१
						बारेकोट गाँउपालिका, जाजरकोट	१
						खत्याड गाउँपालिका, मुगु	२
						नरहरिनाथ गाउँपालिका, कालिकोट	१
						आठबिसकोट नगरपालिका, रुकुम पश्चिम	१
						ताजाकोट गाँउपालिका, हुम्ला	१
						शारदा नगरपालिका, सल्यान	१
						सिमकोट गाँउपालिका, हुम्ला	१
						कुमाख गाँउपालिका, सल्यान	१
						छार्का ताङसोङ गाउँपालिका, डोल्पा	२
						चंखेली गाँउपालिका, हुम्ला	१

क्र. स.	विज्ञापन नं.	सेवा, समूह, उपसमूह	पद	परीक्षाको किसिम	जम्मा पद संख्या	रिक्त स्थानीय तह	माग पदसंख्या
						दुल्लु नगरपालिका, दैलेख	३
						छायाँनाथ रारा नगरपालिका, मुगु	३
३.	३१३।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	खस आर्य	६	महावै गाउँपालिका, कालिकोट	१
						बारेकोट गाउँपालिका, जाजरकोट	१
						शारदा नगरपालिका, सल्यान	१
						कुमाख गाउँपालिका, सल्यान	१
						छायाँनाथ रारा नगरपालिका, मुगु	२
		स्थानीय प्रशासन, लेखा	लेखा सहायक		१	दुल्लु नगरपालिका, दैलेख	१
४.	३१४।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	खस आर्य महिला	२	नरहरिनाथ गाउँपालिका, कालिकोट	१
						दुल्लु नगरपालिका, दैलेख	१
५.	३१५।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	दलित	२	आठबिसकोट नगरपालिका, रुकुम पश्चिम	१
						छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१
६.	३१६।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	दलित महिला	२	पचालझरना गाउँपालिका, कालिकोट	१
						छायाँनाथ रारा नगरपालिका, मुगु	१
७.	३१७।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	आदिवासी जनजाति	२	शुभकालिका गाउँपालिका, कालिकोट	१
						चंखेली गाउँपालिका, हुम्ला	१
८.	३१८।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	पिछडिएको क्षेत्र	२	खत्याड गाउँपालिका, मुगु	१
						दुल्लु नगरपालिका, दैलेख	१
९.	३१९।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	अपाङ्गता भएका व्यक्ति महिला	१	सिमकोट गाउँपालिका, हुम्ला	१
१०	३२०।२०८३-८४	स्थानीय प्रशासन, सामान्य प्रशासन	प्रशासन सहायक	मधेशी तथा मुस्लिम महिला	१	छायाँनाथ रारा नगरपालिका, मुगु	१

ख. <u>प्राविधिक पदहरु:</u>

क्र.स.	विज्ञापन नं.	सेवा, समूह, उपसमूह	पद	परीक्षाको किसिम	जम्मा पदसंख्या	रिक्त स्थानीय तह	पद संख्या
१.	५३७।२०८३-८४	स्थानीय कृषि, कृषि	नायव प्राविधिक सहायक	खुला प्रतियोगिता	६	महावै गाउँपालिका, कालिकोट	१
						खार्पुनाथ गाँउपालिका, हुम्ला	१
						शिवालय गाँउपालिका, जाजरकोट	१
						आठबिस नगरपालिका, दैलेख	१
						सिमकोट गाँउपालिका, हुम्ला	१
						छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१
२.	५३८।२०८३-८४	स्थानीय कृषि, कृषि	नायव प्राविधिक सहायक	खस आर्य	१	कुमाख गाउँपालिका, सल्यान	१
३.	५३९।२०८३-८४	स्थानीय कृषि, कृषि	नायव प्राविधिक सहायक	खस आर्य महिला	१	सर्केगाड गाउँपालिका, हुम्ला	१
४.	५४०।२०८३-८४	स्थानीय कृषि, कृषि	नायव प्राविधिक सहायक	आदिवासी जनजाती	१	पचालझरना गाँउपालिका, कालिकोट	१
५.	५४१।२०८३-८४	स्थानीय कृषि, कृषि	नायव प्राविधिक सहायक	पिछडिएको क्षेत्र	१	नरहरिनाथ गाउँपालिका, कालिकोट	१
६.	५४२।२०८३-८४	स्थानीय कृषि, भेटेरिनरी	नायव पशु स्वास्थ्य प्राविधिक	खुला प्रतियोगिता	५	महावै गाउँपालिका, कालिकोट	१
						सर्केगाड गाउँपालिका, हुम्ला	१
						कुमाख गाउँपालिका, सल्यान	१
						चंखेली गाउँपालिका, हुम्ला	१
						दुल्लु नगरपालिका, दैलेख	१
		स्थानीय कृषि, ला.पो.डे.डे.	नायव पशु सेवा प्राविधिक		३	सर्केगाड गाउँपालिका, हुम्ला	१
						शिवालय गाँउपालिका, जाजरकोट	१
						सिमकोट गाँउपालिका, हुम्ला	१
७.	५४३।२०८३-८४	स्थानीय कृषि, भेटेरिनरी	नायव पशु स्वास्थ्य प्राविधिक	खस आर्य	२	सिमकोट गाँउपालिका, हुम्ला	१
						दुल्लु नगरपालिका, दैलेख	१
८.	५४४।२०८३-८४	स्थानीय कृषि, ला.पो.डे.डे.	नायव पशु सेवा प्राविधिक	खस आर्य महिला	१	महावै गाउँपालिका, कालिकोट	१
९.	५४५।२०८३-८४	स्थानीय कृषि, भेटेरिनरी	नायव पशु स्वास्थ्य प्राविधिक	दलित महिला	१	छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१
१०.	५४६।२०८३-८४	स्थानीय कृषि, भेटेरिनरी	नायव पशु स्वास्थ्य प्राविधिक	पिछडिएको क्षेत्र	१	खार्पुनाथ गाँउपालिका, हुम्ला	१
		स्थानीय कृषि, ला.पो.डे.डे.	नायव पशु सेवा प्राविधिक		१	नरहरिनाथ गाउँपालिका, कालिकोट	१
११.	५४७।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सर्भे	अमिन	खुला प्रतियोगिता	१	दुल्लु नगरपालिका, दैलेख	१
१२.	५४८।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सर्भे	अमिन	दलित	१	छायाँनाथ रारा नगरपालिका, मुगु	१

क्र.स.	विज्ञापन नं.	सेवा, समूह, उपसमूह	पद	परीक्षाको किसिम	जम्मा पदसंख्या	रिक्त स्थानीय तह	पद संख्या
१३.	५४९।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	खुला प्रतियोगिता	२५	महावै गाउँपालिका, कालिकोट	१
						पचालझरना गाँउपालिका, कालिकोट	१
						खार्पुनाथ गाँउपालिका, हुम्ला	२
						शुभकालिका गाउँपालिका, कालिकोट	२
						बारेकोट गाउँपालिका, जाजरकोट	३
						खत्याड गाउँपालिका, मुगु	२
						आठबिसकोट नगरपालिका, रूकुम पश्चिम	२
						ताजाकोट गाउँपालिका, हुम्ला	१
						शारदा नगरपालिका, सल्यान	१
						सिमकोट गाउँपालिका, हुम्ला	२
						कुमाख गाँउपालिका, सल्यान	१
						छार्का ताङसोङ गाउँपालिका, डोल्पा	२
						चंखेली गाउँपालिका, हुम्ला	१
						छायाँनाथ रारा नगरपालिका, मुगु	४
१४.	५५०।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	खस आर्य	६	पचालझरना गाँउपालिका, कालिकोट	१
						बारेकोट गाउँपालिका, जाजरकोट	१
						आठबिस नगरपालिका, दैलेख	१
						शारदा नगरपालिका, सल्यान	१
						कुमाख गाँउपालिका, सल्यान	१
						छायाँनाथ रारा नगरपालिका, मुगु	१
१५.	५५१।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	खस आर्य महिला	३	शुभकालिका गाँउपालिका, कालिकोट	१
						आठबिसकोट नगरपालिका, रूकुम पश्चिम	१
						चंखेली गाउँपालिका, हुम्ला	१
१६.	५५२।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	दलित	३	पचालझरना गाँउपालिका, कालिकोट	१
						आठबिसकोट नगरपालिका, रूकुम पश्चिम	१
						छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१
१७.	५५३।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	दलित महिला	२	बारेकोट गाउँपालिका, जाजरकोट	१
						छायाँनाथ रारा नगरपालिका, मुगु	१

क्र.स.	विज्ञापन नं.	सेवा, समूह, उपसमूह	पद	परीक्षाको किसिम	जम्मा पदसंख्या	रिक्त स्थानीय तह	पद संख्या
१८.	५५४।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	आदिवासी जनजाति	१	खार्पुनाथ गाँउपालिका, हुम्ला	१
१९.	५५५।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	आदिवासी जनजाति महिला	१	शारदा नगरपालिका, सल्यान	१
२०.	५५६।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	पिछडिएको क्षेत्र	१	शुभकालिका गाँउपालिका, कालिकोट	१
२१.	५५७।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	पिछडिएको क्षेत्र महिला	१	सिमकोट गाउँपालिका, हुम्ला	१
२२.	५५८।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	अपाङ्गता भएका व्यक्ति	१	खत्याड गाउँपालिका, मुगु	१
२३.	५५९।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल	असिस्टेन्ट सब इन्जिनियर	मधेशी तथा मुस्लिम	१	दुल्लु नगरपालिका, दैलेख	१
२४.	५६०।२०८३-८४	स्थानीय इन्जिनियरिङ, सिभिल, स्यानिटरी	खा.पा.स.टे.	खस आर्य	१	शुभकालिका गाँउपालिका, कालिकोट	१
२५.	५६१।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	खुला प्रतियोगिता	९	पचालझरना गाँउपालिका, कालिकोट	१
						खार्पुनाथ गाँउपालिका, हुम्ला	२
						आठबिसकोट नगरपालिका, रूकुम पश्चिम	१
						सिमकोट गाउँपालिका, हुम्ला	२
						छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१
						चंखेली गाउँपालिका, हुम्ला	२
२६.	५६२।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	खस आर्य	२	खार्पुनाथ गाँउपालिका, हुम्ला	१
						कुमाख गाउँपालिका, सल्यान	१
२७.	५६३।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	खस आर्य महिला	१	आठबिसकोट नगरपालिका, रूकुम पश्चिम	१
२८.	५६४।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	दलित	१	खार्पुनाथ गाँउपालिका, हुम्ला	१
२९.	५६५।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	दलित महिला	१	छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१
३०.	५६६।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	आदिवासी जनजाति	१	चंखेली गाउँपालिका, हुम्ला	१
३१.	५६७।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	पिछडिएको क्षेत्र महिला	१	पचालझरना गाउँपालिका, कालिकोट	१
३२.	५६८।२०८३-८४	स्थानीय स्वास्थ्य, कम्युनिटी नर्सिङ्ग	अ.न.मी.	मधेशी तथा मुस्लिम	१	ताजाकोट गाँउपालिका, हुम्ला	१
३३.	५६९।२०८३-८४	स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	अ.हे.व.	खुला प्रतियोगिता	७	खार्पुनाथ गाँउपालिका, हुम्ला	३
						सर्केगाड गाँउपालिका, हुम्ला	१
						सिमकोट गाउँपालिका, हुम्ला	२
						छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१
३४.	५७०।२०८३-८४	स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	अ.हे.व.	खस आर्य	२	खार्पुनाथ गाउँपालिका, हुम्ला	२
३५.	५७१।२०८३-८४	स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	अ.हे.व.	खस आर्य महिला	१	सिमकोट गाउँपालिका, हुम्ला	१
३६.	५७२।२०८३-८४	स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	अ.हे.व.	दलित	१	छार्का ताङसोङ गाउँपालिका, डोल्पा	१

क्र.स.	विज्ञापन नं.	सेवा, समूह, उपसमूह	पद	परीक्षाको किसिम	जम्मा पदसंख्या	रिक्त स्थानीय तह	पद संख्या
३७.	५७३।२०८३-८४	स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	अ.हे.व.	दलित महिला	१	खार्पुनाथ गाउँपालिका, हुम्ला	१
३८.	५७४।२०८३-८४	स्थानीय स्वास्थ्य, हेल्थ इन्स्पेक्सन	अ.हे.व.	अपाङ्गता भएका व्यक्ति	१	सर्केगाड गाँउपालिका, हुम्ला	१